नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**पशु सेवा विभाग**
हरिहरभवन, ललितपुर

०१-५५२२०५६
०१-५४४४७२५
वेबसाइट: www.dls.gov.np
इमेलः dg@dls.gov.np
dls.adicd@gmail.com

# अफ्रिकन स्वाइन फिभर रोग सम्बन्धमा बारम्बार सोधिने प्रश्नहरू

१. **अफ्रिकन स्वाइन फिभर कस्तो किसिमको रोग हो?**

अफ्रिकन स्वाइन फिभर विषाणुको कारणले लाग्ने उच्च मृत्युदर भएको छिटो फैलिने सरूवा रोग हो।

२. **अफ्रिकन स्वाइन फिभर कुन-कुन पशुहरूमा लाग्छ?**

अफ्रिकन स्वाइन फिभर बङ्गुर प्रजाति (बङ्गुर, सुङ्गुर र बँदेल) का पशुहरूमा मात्र लाग्छ।

३. **यो रोग गाईभैंसी तथा भेडाबाखामा लाग्छ कि लाग्दैन?**

यो रोग गाईभैंसी तथा भेडाबाखामा लागेको देखिएको छैन।

४. **यो रोग मानिसमा सर्छ कि सर्दैन?**

यो रोग मानिसमा सर्दैन।

५. **बङ्गुरको मासु खाँदा यो रोग मानिसमा सर्छ कि सर्दैन?**

बङ्गुरको मासु खाँदा यो रोग मानिसमा सर्दैन।

६. **यो रोग कसरी सर्छ?**

यो रोग सङ्क्रमित बङ्गुर प्रजातिका पशुहरूसँगको प्रत्यक्ष सम्पर्क तथा त्यस्ता सङ्क्रमित पशुहरूको रगत, मलमुत्र, मासु, दानापानी वा लसपसमा आएका अन्य सामग्रीहरूसँगको सम्पर्कबाट सर्न सक्छ।

७. **यो रोग स्वस्थ बङ्गुर, सुङ्गुर र बँदेलको ओसारपसारबाट सर्छ?**

यो रोग स्वस्थ बङ्गुर, सुङ्गुर र बँदेलको ओसारपसारबाट सर्दैन।

८. **यो रोग सङ्क्रमित बङ्गुर, सुङ्गुर र बँदेलको ओसारपसारबाट सर्छ?**

यो रोग सङ्क्रमित बङ्गुर, सुङ्गुर र बँदेलको ओसारपसारबाट सर्छ। साथै सङ्क्रमित बङ्गुरसँग लसपस भएको ढुवानी साधनको माध्यमबाट पनि यो रोग सर्न सक्छ।

९. **होटेल रेष्टुरेन्टबाट फालिएका खानेकुरा खुवाउँदा यो रोग सर्छ कि सर्दैन?**

होटेल रेष्टुरेन्टबाट फालिएका सङ्क्रमित खानेकुरा खुवाएमा यो रोग बङ्गुर, सुङ्गुर र बँदेललाई सर्छ।

१०. **होटेल रेष्टुरेन्टबाट फालिएका खानेकुरा खुवाउनै हुँदैन त?**

होटेल रेष्टुरेन्टबाट फालिएका खानेकुरा सकभर नखुवाउने। यदि खुवाउनै पर्ने भएमा राम्ररी पकाएर मात्र खुवाउन सकिन्छ।

०१-५५२२०५६
०१-५४४४७२५
वेबसाइट: www.dls.gov.np
इमेलः dg@dls.gov.np
dls.adicd@gmail.com

**११. यो रोग लागेका बङ्गुर प्रजातिका पशुहरूलाई खुल्ला छोड्न, बिक्रीवितरणका लागि हाटबजारमा लैजान हुन्छ कि हुँदैन?**

यो रोग अति सङ्क्रामक भएकाले प्रत्यक्ष सम्पर्कमा आउने बङ्गुर प्रजातिका पशुहरूमा सजिलैसँग सर्न सक्छ। तसर्थ, रोग देखा परेका क्षेत्रमा यस्ता पशुहरूलाई खुल्ला छोड्ने, हाटबजार वा अन्यत्र लैजान हुँदैन।

**१२. के बङ्गुर फार्ममा आवतजावत गर्दा यो रोग अन्यत्र फैलिन सक्छ?**

स्वस्थ बङ्गुर फार्ममा आवतजावत गर्दा यो रोग सर्दैन तर सङ्क्रमित बङ्गुर प्रजातिको फार्ममा आवतजावत गर्दा जुत्ता, चप्पल, कपडा, सवारीसाधन आदि मार्फत पनि यो रोगको विषाणु अन्य फार्ममा सर्न सक्छ।

**१३. यो रोग लागेमा कस्ता-कस्ता लक्षणहरू देखिन्छन्?**

यो रोग लागेमा बङ्गुर प्रजातिका पशुहरूमा निम्नानुसारका लक्षणहरू देखिन्छन्ः

- उच्च ज्वरो (१०४ देखि १०७ डिग्री फरेनहाईट) आउने,
- आँखामा चिप्रा लाग्ने, सास फेर्न गाह्रो हुने,
- एक्कासी फार्ममा धेरै संख्यामा बङ्गुर प्रजातिका पशुहरू मर्ने,
- कान, पुच्छर, तथा पेटको तल्लो भागको छाला रातो हुने,
- शरीरमा निलो धब्बा वा डाम देखिने,
- खाना नखाने, बान्ता गर्ने, दिशामा रगत देखिने, छेर्ने,
- छट्पटाउने, लडखडाउने,
- गर्भिणी बङ्गुर तुहिने।

**१४. के यो रोग लागेका सबै बङ्गुर प्रजातिका पशु मर्छन् त?**

रोग लागेका बङ्गुर प्रजातिका पशुहरूमा १०० प्रतिशतसम्म मृत्युदर हुन सक्छ।

**१५. यो रोगको उपचार के हो?**

यो रोग विषाणुबाट लाग्ने भएकोले यसको उपचार छैन। रोग लाग्नु पूर्वनै जैविक सुरक्षाका विधिहरू अवलम्बन गरी रोग लाग्न नदिनु नै उत्तम उपाय हो।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**पशु सेवा विभाग**
हरिहरभवन, ललितपुर

०१-५५२२०५६
०१-५४४४७२५
वेबसाइट: www.dls.gov.np
इमेलः dg@dls.gov.np
dls.adicd@gmail.com

**१६. जैविक सुरक्षाका कस्ता विधिहरू अवलम्बन गरी यस रोगबाट बङ्गुर प्रजातिका पशुहरूलाई बचाउन सकिन्छ?**

निम्नानुसारका जैविक सुरक्षाका विधिहरू अपनाउनुपर्छः

- बङ्गुर पालिएको खोर र फार्म परिसरमा नियमित सरसफाई गरी चुना, ब्लिचिङ्ग पाउडर, फर्मालिन लगायतका रसायनहरू प्रयोग गरी निःसङ्क्रमण गर्ने,
- रोगको शंका लागेका पशुहरूलाई बथानबाट छुट्टाएर अलग्गै राख्ने,
- मरेको पशुलाई राम्रोसँग खाडलमा गाड्ने वा जलाउने,
- घरपालुवा सुङ्गुर, बङ्गुरलाई जङ्गली बँदेलको सम्पर्कमा आउन नदिने,
- रोग देखा परेको क्षेत्रबाट बङ्गुर प्रजाति, त्यसका पाठापाठी, सङ्क्रमित मासु र दानाको ओसारपसार नगर्ने,
- बङ्गुर प्रजातिका पशु वा मासुको ओसारपसार गर्दा अनिवार्य रूपमा भेटेरिनरी स्वास्थ्य प्रमाणपत्र लिएर मात्र गर्ने,
- बङ्गुर, सुङ्गुर तथा बँदेललाई होटेल रेष्टुरेन्टबाट फालिएका खानेकुरा नखुवाउने,
- तयारी दाना बाहेक अन्य आहारा खुवाउनु परेमा राम्ररी पकाएर मात्र खुवाउने,
- फार्मको मुख्य प्रवेशद्वार तथा खोर बाहिर निःसङ्क्रमणमा प्रयोग हुने रसायन सहितको फुटबाथको व्यवस्था गर्ने।

**१७. यो रोग विरूद्धको खोप उपलब्ध छ कि छैन?**

हालसम्म यो रोग विरूद्धको विश्वसनीय र प्रभावकारी खोप उपलब्ध छैन। केही देशहरूमा यस रोग विरूद्धको खोप प्रयोग भएता पनि उक्त खोप विश्व पशु स्वास्थ्य संगठनले आधिकारिक रूपमा प्रयोगका लागि हालसम्म मान्यता दिएको छैन।

**१८. यो रोगको रोकथामको लागि के गर्नुपर्छ?**

हालसम्म यो रोग विरूद्ध प्रभावकारी तथा विश्वसनीय औषधी तथा खोप बनेको छैन। त्यसकारण माथि उल्लिखित जैविक सुरक्षाका उपायहरू अवलम्बन गरी रोकथाम गर्नुनै एक मात्र विकल्प हो।

**१९. रोग नियन्त्रण भए पश्चात पुनः बङ्गुर प्रजातिका पशुहरू सोही फार्ममा पाल्नु हुन्छ कि हुँदैन?**

रोग नियन्त्रण भए पश्चात फार्म तथा फार्म परिसरको राम्रोसँग सरसफाई तथा निसङ्क्रमण गर्नु पर्दछ। कम्तिमा पनि २ महिना खोर खाली राख्नु पर्दछ र पाठापाठी भित्र्याउनु पुर्व खोरको वातावरणीय नमुनाहरू संकलन गरी अफ्रिकन स्वाइन फिभरको विषाणु नरहेको सुनिश्चितता गर्न प्रयोगशाला परीक्षण गरिनु पर्छ। तत्पश्चात रोग नलागेको विश्वसनीय स्रोतबाट बङ्गुरका पाठापाठी खरिद गरी पुनः पालन गर्न सकिन्छ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**पशु सेवा विभाग**
हरिहरभवन, ललितपुर

०१-५५२२०५६
०१-५४४७२५
वेबसाइट: www.dls.gov.np
इमेलः dg@dls.gov.np
dls.adicd@gmail.com

**२०. सङ्क्रमणबाट बचेका खोरमा रहेका बङ्गुर प्रजातिका पशुहरू हुँदाहुँदै अन्यत्रबाट बङ्गुरका पाठापाठी थप गरी पाल्न हुन्छ कि हुँदैन?**

अफ्रिकन स्वाइन फिभरबाट सङ्क्रमित फार्ममा बचेका पशुहरूले यो रोगको विषाणु बोकेर हिंडेका हुन सक्छन्। तसर्थ, विषाणु नरहेको सुनिश्चितता गर्न प्रयोगशाला परीक्षण गरी फार्ममा रहेका बङ्गुरमा रोग नरहेको यकिन गर्नुपर्छ। तत्पश्चात रोग नलागेको विश्वसनीय स्रोतबाट बङ्गुरका पाठापाठी खरिद गरी कम्तिमा पनि तीन हप्ता सम्म अलग्गै राखी रोग नदेखिएमा फार्ममा रहेका स्वस्थ बङ्गुरसँग मिसाएर पाल्न सकिन्छ।

**२१. हाम्रो देशमा अफ्रिकन स्वाइन फिभर रोगको परीक्षण तथा निदान कहाँ-कहाँ हुन्छ?**

पशुपन्छी रोग अन्वेषण प्रयोगशाला (विराटनगर, जनकपुर, पोखरा, सुर्खेत, धनगढी) र केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला (काठमाडौं) बाट रोगको परीक्षण तथा निदान कार्य हुन्छ।

**२२. अफ्रिकन स्वाइन फिभर रोग लागेर मरेका बङ्गुर प्रजातिका पशुको क्षतिपूर्ति सम्बन्धी के व्यवस्था छ?**

अफ्रिकन स्वाइन फिभर रोग लागेर मरेमा हालसम्म कुनै पनि प्रकारको क्षतिपूर्तिको व्यवस्था छैन। यद्यपि केहि प्रदेशहरूले उक्त रोग लागेर क्षति भएका फार्महरूलाई राहतको व्यवस्था गरेका छन्।

**२३. बीमा गरिएका बङ्गुरहरू अफ्रिकन स्वाइन फिभर रोग लागेर मरेमा बीमा दाबी सम्बन्धी कस्तो व्यवस्था रहेको छ?**

बीमा गरिएका बङ्गुरहरू अफ्रिकन स्वाइन फिभर रोग लागेर मरेमा बीमा दाबी सम्बन्धी व्यवस्था रहेको छ। बीमा दाबी सम्बन्धमा जानकारीको लागि सम्बन्धित बीमा कम्पनी वा नेपाल बीमा प्राधिकरणमा सम्पर्क गर्न सकिन्छ।

**२४. के अफ्रिकन स्वाइन फिभर देखा परेमा सूचना दिनुपर्छ?**

अफ्रिकन स्वाइन फिभर नेपाल सरकारद्वारा सूचित गर्नुपर्ने रोगको समूहमा राखेको छ। तसर्थ, यो रोग देखा परेमा नजिकको पशु सेवासँग सम्बन्धित कार्यालयमा यथाशीघ्र सम्पर्क गर्नुपर्छ।